# तिरहुत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गोईठी, सप्तरी
मधेश प्रदेश, नेपाल

Website: www.tirahutmun.gov.np
Email: info@tirahutmun.gov.np

पत्र संख्याः ०८२/०८३
चलानी नं.:

मितिः २०८३/०२/०४

**विषयः तह वृद्धि/स्तर वृद्धि लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना ।**

मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ तथा कार्यबिधिको दफा १२ बमोजिम तह वृद्धि / स्तर वृद्धिको लागि यस तिरहुत गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरुको प्रमाणीत प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालको कर्मचारी प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

देहायः

- "कर्मचारी तह वृद्धि सम्बन्धी कार्यविधि २०८२" को अनुसूची -२ बमोजिमको निवेदन,
- स्थानीय स्वास्थ्य सेवा बाहेकको हकमा तह वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, समायोजन पत्र तथा सरुवा पत्र तथा रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रामणित प्रतिलिपी) ।
- पछिल्लो तीन आ.व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना ।
- स्थानीय स्वास्थ्य सेवाको हकमा स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा पाँच वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, समायोजन पत्र तथा सरुवा पत्र तथा रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रामणित प्रतिलिपी) ।

८३।२।४

..................................
ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री निजामति कितावखाना, हरिहरभवन, ललितपुर ।
श्री प्रदेश निजामति कितावखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री वडा कार्यालय सवै, तिरहुत गाउँपालिका, सप्तरी ।



CamScanner